## कञ्चन गाउँपालिकाको

# विनियोजन ऐन, २०८०

## कञ्चन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### कञ्चन-२, रुपन्देही

**Website: www.kanchanmun.gov.np**

*गाउँसभाबाट स्वीकृत मिति २०८०/०३/१३*

# विनियोजन ऐन, २०८०

## आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :**

कञ्चन गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोष माथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन आवश्यक भएकोले नेपालको संविधानको धारा २२९(२) बमोजिम कञ्चन गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम विनियोजन ऐन, २०८० रहेको छ ।

(२) यो ऐन सम्वत् २०८० साल श्रावण १ गते देखि लागू हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त स्थानीय सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०८०/८१ को निमित्त अनुसूचिमा उल्लेख भए बमोजिम स्थानीय संचित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूचिमा उल्लिखित चालू खर्च र अनुसूचिमा उल्लिखित पुँजीगत खर्च गरी जम्मा रकम रू.५१,३८,४६,७१७/- (अक्षरूपी एकाउन्न करोड अडतिस लाख छयालिस हजार सात सय सत्र) मात्र नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

तर यो ऐन पारित भए पश्चात आ.व. २०८०/८१ भित्र कुनै सरकारी निकाय, संघ-संस्था, साझेदार निकाय तथा अन्य कुनै स्रोतबाट कुनै कार्यक्रमका लागि गाउँपालिकाको संचित कोषमा रकम जम्मा हुन आएमा सम्बन्धित खातामा स्थानान्तर गरी उक्त कार्यक्रमको लागि खर्च गर्न सकिने छ ।

३. **विनियोजन :**

(१) यस ऐनद्वारा स्थानीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त अनुसूचिमा उल्लिखित कार्यहरूको निमित्त बजेट विनियोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुसूचिको विभिन्न शीर्षकमा सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा नपुग हुने देखिन आएमा कार्यपालिका बैठकले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकबाट अर्को एक वा एक भन्दा बढी शीर्षकमा

रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पुँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च वेहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

तर, उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजीगत खर्च वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँसभाको स्वीकृती लिनु पर्नेछ ।

(५) चालु आर्थिक वर्षको अन्त्य सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भई विविध कारणवश सम्पन्न हुन नसकी म्याद थप भएका योजनाहरूको हकमा उक्त योजनालाई यस ऐन बमोजिम खर्च हुने गरी दायित्व सारी सोही योजनाको शीर्षक खडा गरी भुक्तानी गर्न बाधा परेको मानिने छैन ।